apandaini k.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper

राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१




● वर्षः १२ ● अंकः २८१ ● पृष्ठः ४ ● ०९ कार्तिक २०८३ सोमबार (26 October 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

# मैनावती खोलामा अवैध उत्खननको आशंका, नियन्त्रणमा लिइएको स्काभेटर छाडियो




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

सिरहाको गोलबजार नगरपालिका-२ स्थित मैनावती खोला किनारमा अनुमति नलिई उत्खनन भइरहेको सूचनापछि नियन्त्रणमा लिइएको स्काभेटर आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अघि नबढाई छाडिएको पाइएको छ।

अवैध उत्खनन भइरहेको सूचना पाएपछि नगर प्रहरी र सशस्त्र प्रहरीको संयुक्त टोली उत्खननस्थलमा पुगेको थियो। नगर प्रहरी रोविन श्रेष्ठको कमान्डमा दुई जना नगर प्रहरी तथा गोलबजारस्थित सशस्त्र प्रहरी सुरक्षा बेस क्याम्पबाट दुई जना सशस्त्र प्रहरी घटनास्थलमा खटिएका थिए। टोलीले उत्खननस्थलबाट स्काभेटर नियन्त्रणमा लिए पनि पछि छाडिएको हो।

गोलबजार नगरपालिकाका नगर प्रहरीका सई रोविन श्रेष्ठका अनुसार स्काभेटर नियन्त्रणमा लिएपछि त्यसलाई नगरपालिका पुर्‍याउन नगर प्रहरीले सशस्त्र प्रहरीसँग सहयोग मागेको थियो। तर, सशस्त्र प्रहरी ढिलो आइपुगेका कारण स्काभेटर नगरपालिका लैजान नसकिएको उनले बताए।

श्रेष्ठले घटनाबारे नगर प्रमुख श्यामकुमार श्रेष्ठलाई जानकारी गराइसकेको पनि बताए। उनका अनुसार उत्खनन निजी जग्गामा गरिएको भए पनि नगरपालिकाबाट आवश्यक अनुमति लिइएको थिएन।

यता, सशस्त्र प्रहरी सिरहाका प्रमुख एसपी सुमनजंग थापाले भने घटनाबारे आफूलाई जानकारी नभएको बताए। नियन्त्रणमा लिइएको स्काभेटर कुन आधारमा छाडियो भन्ने विषयमा बुझेर मात्र थप प्रतिक्रिया दिन सकिने उनले बताए।

नियन्त्रणमा लिइएको स्काभेटर अनुसन्धान र कारबाही प्रक्रिया पूरा नगरी छाडिएको भन्दै स्थानीयले सम्बन्धित निकायको भूमिकामाथि प्रश्न उठाएका छन्। उनीहरूले गोलबजार क्षेत्रमा दिनरात जथाभावी उत्खनन भइरहे पनि सम्बन्धित निकायले प्रभावकारी निगरानी नगरेको आरोप लगाएका छन्।

यस विषयमा प्रतिक्रिया लिन खोज्दा गोलबजार नगरपालिकाका नगर प्रमुख श्यामकुमार श्रेष्ठसँग फोन सम्पर्क हुन सकेन।

अनुमति नलिई उत्खनन भएको हो वा होइन, स्काभेटर नियन्त्रणमा लिएपछि किन छाडियो र त्यस विषयमा आवश्यक अनुसन्धान तथा कारबाही प्रक्रिया अघि बढाइएको छ कि छैन भन्नेबारे सम्बन्धित निकायको स्पष्ट जवाफ आउन बाँकी छ।

# मिथिलामा कोजाग्रत पूर्णिमाः जानकी मन्दिरमा भित्र्याइयो १०८ भार पाहुर



**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, कार्तिक ०८ गते**

मिथिलाञ्चल क्षेत्रमा आइतबार परम्परागत सांस्कृतिक विधिअनुसार कोजाग्रत पूर्णिमा पर्व हर्षोल्लासपूर्वक मनाइएको छ।

यसै अवसरमा ऐतिहासिक जानकी मन्दिरमा भगवान राम र माता सीताको 'चुमाओन' अनुष्ठानका लागि

बाँकी पृष्ठ २

# उम्मेदवार छनोटमा चरित्र र सामाजिक छविलाई प्राथमिकता दिइनेछः सांसद यादव

## रास्वपाबाट उम्मेदवार बन्न नेताको वरिपरि होइन, जनतामाझ लोकप्रिय बन्न आग्रह

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेश प्रदेशका सभापति तथा सिरहा क्षेत्र नम्बर ४ का सांसद तपेश्वर यादवले आगामी स्थानीय तहको निर्वाचनमा उम्मेदवार छनोट गर्दा व्यक्तिको चरित्र, इमानदारी, जनताप्रतिको उत्तरदायित्व र सामाजिक छविलाई प्राथमिकता दिइने बताएका छन्।

आइतबार सिरहाको धनगढीमाई नगरपालिकामा आयोजित पार्टी कार्यकर्ता भेलालाई सम्बोधन गर्दै सभापति यादवले पुरानो विकृति र गलत मानसिकता बोकेका व्यक्तिलाई पार्टीले उम्मेदवारका रूपमा अघि नबढाउने स्पष्ट पारे। पार्टीमा आबद्ध भएर पद र अवसरको स्वार्थ राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने उनको भनाइ थियो।

यादवले विगतमा जिल्लामा र प्रदेशमा सीमित कार्यकर्ता भेला



गर्नसमेत कठिन हुने गरेको स्मरण गर्दै अहिले वडा तहका कार्यक्रममा सयौँको सहभागिता हुनुले पार्टीप्रति जनताको आकर्षण बढेको बताए। स्थानीय तह जनतासँग प्रत्यक्ष जोडिने भएकाले स्थानीय समस्या समाधान गर्न सक्ने क्षमता र निष्कलङ्क छवि भएका व्यक्तिलाई उम्मेदवार बन्ने अवसर दिइने उनले उल्लेख गरे।

उनका अनुसार पार्टीले उम्मेदवार छनोटका लागि अघि सारेको 'क्यान्डिडेट क्लब'मा प्रतिस्पर्धा गर्न सबैलाई अवसर दिइनेछ। तर, उम्मेदवार बन्न नेताहरूको वरिपरि घुम्नुभन्दा जनतामाझ लोकप्रिय बन्ने काम गर्न उनले कार्यकर्तालाई आग्रह गरे।

बाँकी पृष्ठ ३

# ढल्केवर ट्रमा सेन्टरको टेन्डर प्रक्रिया अगाडि बढिसकेको छः मन्त्री मेहता



**अपन दैनिक संवाददाता**
**ढल्केवर, कार्तिक ०८ गते**

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले ढल्केवर ट्रमा सेन्टरको टेन्डर प्रक्रिया अघि बढिसकेको बताएकी छन्। आइतबार धनुषाको ढल्केवरमा स्वीकृत ट्रमा सेन्टरको प्रस्तावित जग्गाको स्थलगत निरीक्षण गर्दै मन्त्री मेहताले ट्रमा सेन्टरको भवन निर्माणका लागि टेन्डर प्रक्रिया अघि बढिसकेको बताएकी हुन्।

'टेन्डरका कागजातहरू स्वास्थ्य मन्त्रालयबाट हस्ताक्षर भएर पूर्वाधारमा पठाइसकिएको छ। छिट्टै प्रक्रिया सकेर टेन्डर खुल्छ,' मन्त्री मेहताले भनिन्, 'ट्रमा बन्छ-बन्दैन भन्ने जिज्ञासा अब रहेन। यहाँको ट्रमा सरकारको बहुबर्षीय योजनामा परिसकेको छ।'

उनले ट्रमा सेन्टर भवनको शिलान्यास पनि चाँडै हुने विश्वास दिलाइन्। उनले भनिन्, 'साइट हेर्‍यौं। सबै कुरा मिलेको छ। टेन्डरको प्रक्रिया सकेर छिट्टै शिलान्यास हुन्छ।' प्रतिनिधिसभा सदस्य राजकिशोर महतोले भवन निर्माणको कार्य सुरू भएमात्र यहाँका नागरिक विश्वस्त हुने बिफ्रिङ गरे।

बाँकी पृष्ठ ४

# ७ लाख बढीको अवैध सामान बरामद

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

सिरहाका विभिन्न सीमा क्षेत्रबाट सशस्त्र प्रहरीले करिब ७ लाख ७२ हजार ६२० रुपैयाँ बराबरका सामान बरामद गरेको छ। जिल्लाका विभिन्न सीमा इलाकामा गरिएको कारबाहीका क्रममा मोटरसाइकल, मदिरा, किराना सामान, कस्मेटिक सामग्री तथा कपडालगायतका सामान बरामद गरिएको सशस्त्र प्रहरीले जनाएको छ।

बरामद गरिएका सामानको अनुमानित मूल्य ७ लाख ७२ हजार ६२० रुपैयाँ रहेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद सामान आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायमा बुझाउने कार्य भइरहेको छ।

सिरहामा सीमा क्षेत्रबाट हुने अवैध सामान ओसारपसार नियन्त्रण तथा

बाँकी पृष्ठ ३

# ससुरालीमै गएर श्रीमतीको हत्या गरे, त्यसपछि लिए आफ्नै ज्यान



**अपन दैनिक संवाददाता**
**धनुषा, कार्तिक ०८ गते**

धनुषाको मिथिला बिहारी नगरपालिका-३ मथिलेश्वरमा पारिवारिक विवादले गम्भीर रूप लिँदा एक दम्पतीको ज्यान गएको छ।

आइतबार बिहान श्रीमान र श्रीमती मृत अवस्थामा फेला परेका हुन्।

प्रहरीको प्रारम्भिक अनुसन्धानबाट श्रीमानले नै श्रीमतीको हत्या गरी आफूले पनि ज्यान गुमाएको खुलेको छ।

बाँकी पृष्ठ ४






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# नेपाल-भारत सीमामा कहाँ-कहाँ छ अतिक्रमण ? सरकार भन्छ- म्यापिङको काम जारी छ



सरकारले नेपाल-भारत सीमा स्थित केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू रहेको स्वीकार गरेको छ। तर कहाँ-कहाँ अतिक्रमण छ भनेर कुनै विवरण दिएको छैन ।

बरू ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट सीमा सम्बन्धी समस्याको समाधान गर्न सधैं प्रतिबद्ध रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

संघीय संसद्को दोस्रो अधिवेशनमा नेपाली कांग्रेसका सांसद निश्कल राईले यो विषयमा परराष्ट्र मन्त्रालयसँग लिखित प्रश्न सोधेका थिए । संसद् सचिवालयमार्फत सोधिएको यो प्रश्नको जवाफ परराष्ट्र मन्त्रालयले संसद् सचिवालयमै पठाएको छ ।

नेपाल र भारतबीच सीमा विवाद वर्षौंदेखि चल्दै आएको र सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा सीमा विवाद रहेको उल्लेख गर्दै सांसद राईले सोधेका थिए, 'यी बाहेक अन्य स्थानमा दशगजा क्षेत्र अतिक्रमण र क्रस बोर्डर अकुपेसनका समस्या छन् । हालसम्म नेपाल र भारतको संयुक्त टोलीले कति र कुन कुन ठाउँमा यस्ता दशगजा क्षेत्र अतिक्रमण र क्रस बोर्डर अकुपेसन भएको पहिचान गरेको छ ?'

यो प्रश्नमार्फत सांसद राईले नेपाल-भारत संयुक्त टोलीले हालसम्म दशगजा क्षेत्र अतिक्रमण र सीमापार कब्जा भएका कति तथा कुन-कुन स्थान पहिचान गरेको छ भनेर स्पष्ट विवरण मागेका छन् ।

तर, परराष्ट्र मन्त्रालयले दिएको लिखित जवाफमा अतिक्रमण भएका स्थानको संख्या र नाम खुलाइएको छैन । परराष्ट मन्त्रालयले नेपाल-भारत सीमा कार्यदल (बीडब्लुजी) लगायतका संयन्त्रबाट त्यस्ता स्थानको नक्सांकन भइरहेको जवाफ दिएको छ ।

परराष्ट्र मन्त्रालयका अनुसार नेपाल र भारतबीच सदियौं पुरानो र खुला सिमाना रहेको छ । हालको नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा मूलतः सन् १८१६ को सुगौली सन्धिद्वारा स्थापित र निर्देशित छ ।

यहाँनेर परराष्ट्रले लेखेको छ, 'नेपाल-भारत सिमाना अन्तर्गत सुस्ता र लिम्पियाधुरा, लिपुलेक तथा कालापानी क्षेत्रमा नक्साङ्कन हुन बाँकी रहेको छ । ती स्थान बाहेक अन्य केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू विद्यमान छन् ।'

सरकारले नेपाल-भारत सीमास्थित केही स्थानहरूमा 'क्रस बोर्डर अकुपेसन' तथा दशगजा अतिक्रमणको समस्याहरू रहेको स्वीकार गरे पनि कहाँ-कहाँ अतिक्रमण छ भन्ने सन्दर्भमा कुनै विवरण दिएको छैन । म्यापिङको कार्य जारी रहेको जवाफ दिएको छ ।

जहाँ भनिएको छ, 'नेपाल-भारत सीमाका के कति स्थानमा नो म्यान्स ल्यान्ड इन्क्रोचमेन्टसीमापारिबाट गरिने कब्जा वा अतिक्रमण/क्रस-बोर्डर अकुपेसन रहेको छ भन्ने विषयमा सीमासम्बन्धी नेपाल-इन्डिया बाउन्ड्रि वर्किङ ग्रुप (बिडब्ल्युजी) र अन्य संयन्त्रहरूले म्यापिङको कार्य गरिरहेका छन् ।'

नेपाल-भारत संयुक्त सीमा कार्यदल अर्थात् नेपाल-इन्डिया बाउन्ड्रि वर्किङ ग्रुप (बिडब्ल्युजी) नेपाल र भारतबीचको सीमा व्यवस्थापन, सीमा स्तम्भको निर्माण तथा मर्मतसम्भार र सीमांकनसम्बन्धी प्राविधिक काम अघि बढाउन गठन गरिएको संयन्त्र हो। बीडब्लुजी सन् २०१४ मा गठन भएको हो। यसको पहिलो बैठक सन् २०१५ जुलाई १५-१६ मा काठमाडौंमा बसेको थियो।

यसले मुख्यतः सीमा स्तम्भको निर्माण, पुनःस्थापना तथा मर्मतसम्भार, दशगजा क्षेत्रको व्यवस्थापन र सीमा नक्सांकनसम्बन्धी प्राविधिक काम गर्छ। त्यसयता बीडब्लुजीले सीमा स्तम्भको निर्माण तथा मर्मतसम्भारलगायतका काम गर्दै आएको छ।

गठनपछि बिडब्ल्युजीको सात वटा बैठक बसिसकेका छन्। यसको सातौं बैठक सन् २०२५ जुलाई २८-२९ मा नयाँदिल्लीमा सम्पन्न भएको थियो। उक्त बैठकमा कालापानी र सुस्ता बाहेकका बाँकी सीमासम्बन्धी प्राविधिक कामहरू तीन वर्षभित्र सम्पन्न गर्ने सहमति भएको थियो।

यस पृष्ठभूमिमा सांसद राइले सुस्ता, कालापानी, लिपुलेक र लिम्पियाधुरा बाहेक अन्य स्थानमा दशगजा क्षेत्र अतिक्रमण र क्रस बोर्डर अकुपेसनका समस्या समाधान गर्ने गरि के कति काम भए ? नेपाल र भारतको संयुक्त टोलीले कति र कुन कुन ठाउँमा दशगजा क्षेत्र अतिक्रमण र क्रस बोर्डर अकुपेसन भएको पहिचान गरेको छ ? भनेर सोधेका हुन्।

यही प्रश्नमा परराष्ट्र मन्त्रालयले म्यापिङको कार्य जारी रहेको जवाफ दिएको हो।

यहींनेर सरकारले ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट सीमा सम्बन्धी समस्याको समाधान गर्न सधैं प्रतिबद्ध रहेको जनाएको हो।

परराष्ट्र मन्त्रालयले लिखित जवाफमा लेखेको छ, 'नेपाल र भारतबीचको घनिष्ठ सम्बन्धको मर्म र भावना अनुरूप, ऐतिहासिक सन्धि-सम्झौता तथा नक्साका आधारमा कूटनीतिक वार्ताको माध्यमबाट यस विषयको समाधान गर्न हामी सधैं प्रतिबद्ध छौं।'

## सम्पादकीय...

## कमला पुल आश्वासनको योजना !

हुलाकी राजमार्ग अन्तर्गत सिरहा र धनुषा जिल्लालाई जोड्ने कमला नदीको पक्की पुल लामो समयदेखि निर्माण तथा पुनर्निर्माणको प्रक्रियामा अल्झिएको छ । एउटै पुल सञ्चालनमा ल्याउन पटक-पटक समयसीमा घोषणा गरिन्छ । मन्त्री र सांसदहरू निरीक्षणमा पुग्छन् । निर्माण कम्पनीलाई निर्देशन दिइन्छ, तर सर्वसाधारणले अझै सहज रूपमा पुलबाट आवतजावत गर्न पाएका छैनन् । यो अवस्था निर्माणमा भएको ढिलाइको विषय मात्र होइन । सार्वजनिक प्रतिबद्धता, राजनीतिक जवाफदेहिता र सरकारी कार्यक्षमतासँग जोडिएको गम्भीर प्रश्न हो । कमला पुल सञ्चालनमा ल्याउने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद तथा मन्त्रीहरूले विभिन्न समयमा प्रतिबद्धता जनाउँदै आएका छन् । तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङले २०८३ असारभित्र पुल सञ्चालनमा ल्याउने लक्ष्य सार्वजनिक गरेका थिए । त्यसपछि सांसद शिवशंकर यादवले पनि असार मसान्तभित्र सञ्चालनमा ल्याउने गरी काम अघि बढेको बताएका थिए । भौतिक पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले असार २५ गतेभित्र पुल सञ्चालनमा ल्याउन निर्देशन दिए भने निर्माण कम्पनीले १५ दिनभित्र आवतजावत गर्न मिल्ने बनाउने प्रतिबद्धता जनायो । तर, यी सबै समयसीमा गुज्रिएको छ । पुल सञ्चालनमा आएन् । यो १५ वर्षको अवस्था हो । त्यसपछि पुनः दुई महिनाको लक्ष्य सार्वजनिक गरियो । सांसदहरूको सचिवालयबाट मङ्सिरदेखि पुल सञ्चालनमा ल्याउने तयारी भइरहेको विवरण सार्वजनिक भयो । सांसद तपेश्वर यादवले तीन महिनाभित्र पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाए । यसरी एउटै पुलका लागि बारम्बार नयाँ मिति घोषणा हुनु तर पुराना प्रतिबद्धता पूरा नहुनुले जनप्रतिनिधिहरूको कार्यशैलीमाथि स्वाभाविक रूपमा प्रश्न उठाएको छ। समस्या समयसीमा घोषणा गर्न नसक्नु होइन, घोषणा गरिएको समयसीमा पूरा गर्न नसक्नु हो । जनताले मन्त्री र सांसदको निरीक्षण, निर्देशन तथा प्रतिबद्धताका समाचार पटक-पटक सुनेका छन्। अब उनीहरूलाई थप आश्वासनभन्दा पनि कामको वास्तविक प्रगति र पुल सञ्चालनको ठोस परिणाम चाहिएको छ ।

कमला पुल सिरहा र धनुषालाई जोड्ने एउटा संरचना मात्रै होइन् । यो दुई जिल्लाका नागरिकको दैनिक आवागमन, व्यापार व्यवसाय, कृषि उत्पादनको बजार पहुँच, शिक्षा, स्वास्थ्य सेवा र स्थानीय अर्थतन्त्रसँग प्रत्यक्ष जोडिएको पूर्वाधार हो । पुल सञ्चालनमा नआउँदा स्थानीय बासिन्दाले भोग्नुपरेको सास्ती सामान्य असुविधा मात्र होइन् । लामो समयसम्म यातायातको सहज सुविधा नपाउनु विकास निर्माणमा राज्यको प्राथमिकता र कार्यान्वयन क्षमतामाथि उठ्ने प्रश्न पनि हो । कुनै पनि सार्वजनिक पूर्वाधार निर्माणमा प्राविधिक जटिलता, निर्माण सामग्रीको अभाव, ठेक्का व्यवस्थापन, बजेट वा अन्य प्रशासनिक समस्या आउन सक्छन् । तर, यस्ता समस्या छन् भने तिनको पहिचान गरी समाधान गर्नु सम्बन्धित निकायको जिम्मेवारी हो । निरीक्षणका क्रममा निर्देशन दिनु मात्र पर्याप्त हुँदैन् । निर्देशन कार्यान्वयन भयो कि भएन, निर्माण कम्पनीले तोकिएको काम पूरा गऱ्यो कि गरेन र ढिलाइको जिम्मेवार को हो भन्ने विषयमा नियमित अनुगमन तथा जवाफदेहिता आवश्यक हुन्छ। कमला पुलको हकमा पनि निर्माणको वास्तविक अवस्था सार्वजनिक गरिनुपर्छ । पुलमा कति काम सम्पन्न भएको छ ?, के-कस्ता काम बाँकी छन् ?, ती काम सम्पन्न गर्न कति समय र बजेट आवश्यक छ ? तथा प्राविधिक परीक्षण र सञ्चालन अनुमतिका प्रक्रिया कहाँ पुगेका छन् भन्ने विषय नागरिकले स्पष्ट रूपमा थाहा पाउनुपर्छ। निर्माण कम्पनीले प्रतिबद्धता पूरा नगरेको भए त्यसको कारण र जिम्मेवारीबारे पनि सम्बन्धित आयोजना कार्यालय तथा मन्त्रालयले जवाफ दिनुपर्छ। त्यसैगरी, पुलको सञ्चालन मिति निर्धारण गर्दा प्राविधिक अवस्थाको यथार्थ मूल्याङ्कन आवश्यक छ । हतारमा मिति घोषणा गरेर संरचनाको सुरक्षामा सम्झौता गर्नु हुँदैन् । पुलको आवश्यक प्राविधिक परीक्षण सम्पन्न गरी सुरक्षित रहेको सुनिश्चित भएपछि मात्रै औपचारिक रूपमा यातायात सञ्चालन गर्नुपर्छ । तर, सुरक्षाको प्रश्नलाई अनिश्चितकालीन ढिलाइको बहाना पनि बनाइनु हुँदैन् । सुरक्षा र समयमै निर्माण सम्पन्न गर्ने दुवै जिम्मेवारीलाई सँगसँगै अघि बढाउनुपर्छ।

राजनीतिक नेतृत्वले भाषण र प्रतिबद्धता मात्र गरेर हुँदैन् । त्यसको कार्यान्वयनबाट हुन्छ । पटक-पटक निरीक्षणमा पुग्नु र नयाँ समयसीमा घोषणा गर्नु उपलब्धि होइन् । घोषित समयसीमाभित्र काम सम्पन्न गराउन सक्नु, समस्या समाधान गर्नु र नागरिकलाई परिणाम दिन सक्नु नै जनप्रतिनिधिको वास्तविक जिम्मेवारी हो । एउटै पुलका लागि पटक-पटक प्रतिबद्धता दोहोरिँदा पनि परिणाम नआएपछि नागरिकले प्रश्न उठाउनु स्वाभाविक हो । विगतका प्रतिबद्धता किन पूरा हुन सकेनन् भन्ने विषयमा स्पष्ट जवाफ दिनु हो । सम्बन्धित मन्त्री, सांसद, आयोजना कार्यालय र निर्माण कम्पनीले संयुक्त रूपमा पुलको भौतिक प्रगति, बाँकी काम, ढिलाइको कारण र कार्यान्वयनको कार्यतालिका सार्वजनिक गर्नुपर्छ। निर्धारित कार्यतालिकाअनुसार काम भए-नभएको अनुगमन गर्ने र जिम्मेवारी पूरा नगर्नेलाई जवाफदेही बनाउने व्यवस्था पनि सुनिश्चित गरिनुपर्छ। कमला पुललाई राजनीतिक प्रचारको विषय बनाउने प्रवृत्ति अन्त्य हुनुपर्छ । सिरहा र धनुषाका नागरिकले चाहेको कुरा कुनै दल वा नेताको लोकप्रियता बढाउने घोषणा होइन, सुरक्षित र सहज आवागमन हो । त्यसैले विगतका प्रतिबद्धताहरूको समीक्षा गर्दै निर्माण सम्पन्न गर्ने र पुल सञ्चालनमा ल्याउने कामलाई उच्च प्राथमिकतामा राख्नुपर्छ। जनतालाई अब आश्वासन होइन, परिणाम चाहिएको छ। कमला पुल कहिले सञ्चालन हुन्छ भन्ने प्रश्नको उत्तर अर्को समयसीमा घोषणा गरेर होइन । निर्माण कार्य सम्पन्न गरेर, प्राविधिक सुरक्षा सुनिश्चित गरेर र यातायात सञ्चालनको औपचारिक निर्णय गरेर दिनुपर्छ। जनप्रतिनिधिहरूले आफ्नो प्रतिबद्धताको विश्वसनीयता जोगाउने हो भने अब भाषणभन्दा काम र प्रचारभन्दा परिणामलाई प्राथमिकता दिनैपर्छ। कमला पुल सञ्चालनमा आउनु नै उनीहरूका लागि जनतासामु आफ्नो जवाफदेहिता प्रमाणित गर्ने वास्तविक अवसर हो । यो अवसरको सदुपयोग गर्दै नागरिकलाई सुविधा सुनिश्चित गर्ने भूमिका खेल्नैपर्छ।

## मिथिलामा कोजाग्रत पूर्णिमाः जानकी ..........

महोत्तरीको पिपरा गाउँपालिकास्थित रतौलीबाट १०८ वटा 'पाहुर' (सनेस-कोसेलीको भार) भित्र्याइएको छ। विगत १४२ वर्षदेखि अविच्छिन्न रूपमा चलिआएको यो परम्पराले यस वर्ष पनि निरन्तरता पाएको हो । महोत्तरीको रतौली निवासी स्वर्गीय महेन्द्रप्रसाद ठाकुरको परिवारले पुस्तौंदेखि कोजाग्रत पूर्णिमाका अवसरमा जानकी मन्दिरमा पाहुर पठाउँदै आएको छ।

सोही ऐतिहासिक परम्परा अनुसार आज जानकी मन्दिर परिसर पुऱ्याइएको पाहुरमा पान, मखान, लड्डु, खाजा, चामल, दाल, मौसमी तरकारी तथा भगवान श्रीराम र माता जानकीका लागि विशेष वस्त्रहरू समावेश गरिएका छन् । सोही पाहुर समर्पण गरी मन्दिरमा शास्त्रीय विधिद्वारा सीतारामको चुमाओन अनुष्ठान सम्पन्न गरिएको हो।

ठाकुर परिवारका सदस्य नवीन ठाकुरले विगत १४२ वर्षदेखि शुरु भएको यो विशिष्ट पारिवारिक तथा सांस्कृतिक धरोहरलाई कुनै पनि हालतमा टुट्न नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँकाअनुसार पूर्खादेखि हस्तान्तरण हुँदै आएको यस सांस्कृतिक जिम्मेवारीलाई नयाँ पुस्ताले समेत गौरवका साथ निरन्तरता दिइरहेको छ।

कोजाग्रत पूर्णिमाको अवसरमा जानकी मन्दिर परिसरमा विशेष भजनकीर्तन तथा मिथिलाको मौलिक हास्यपरिहास (ठट्टा र मनोरञ्जनात्मक) कार्यक्रम आयोजना गरिएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवले प्रत्येक वर्ष कोजाग्रत पूर्णिमाका दिन उत्सवको उल्लास बढाउन परम्परागत हास्यव्यङ्ग्य र सांस्कृतिक गायनको प्रवन्ध मिलाइने जानकारी दिए । यस पर्वले मन्दिरमा मात्र नभई समग्र मिथिलाञ्चलवासीमा छुट्टै उमङ्ग ल्याउने गरेको उनको भनाइ छ ।

धार्मिक अनुष्ठानका अतिरिक्त कोजाग्रत पूर्णिमा मिथिलाका नवविवाहित दम्पतीहरूका निम्ति पनि विशेष सामाजिक उत्सवका रूपमा स्थापित छ । यस दिन बेहुलाको घरमा ससुराली पक्षबाट विशेष पाहुर पठाउने गरिन्छ।

ससुरालीबाट आएको पाहुरका सामग्री प्रयोग गरी ज्येष्ठ महिलाहरूले विशेष मन्त्रोच्चारणका साथ बेहुलाको चुमाओन गरी 'दुरवाक्षत' (दूबो र अक्षतासहितको आशीर्वाद) दिने चलन छ।

अनुष्ठान सम्पन्न भएपछि परिवार र आफन्तजनलाई भव्य भोज खुवाउने तथा गाउँभरि पान र मखान वितरण गरी एकापसमा खुशी साटासाट गर्ने मौलिक परम्परा मिथिलाञ्चलमा रहेको छ।



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

## आजको राशिफल

**मेष :** आजको दिन सामान्य छ। स्वास्थ्यमा समस्या हुनेछ। शिक्षामा ढिलासुस्ती हुनेछ।

**बृष :** दिन धेरै राम्रो छ। ठुला व्यक्तिसँगको भेटले मन शान्त बन्नेछ। प्रेम सम्बन्ध सुमधुर बन्नेछ।

**मिथुन :** दिन राम्रो छ । शुभकार्यमा सहभागी हुने अवसर मिल्ने छ । परिवारमा रमाइलो भेटघाट हुनेछ।

**कर्कट :** महत्त्वपूर्ण काममा सफलता मिल्ने दिन छ । प्रतिभा प्रदर्शन गर्ने दिन छ। मानसम्मान प्राप्त हुनेछ।

**सिंह :** खर्च बढ्ने छ। धार्मिक कार्यमा सहभागी भएर दिनको सुरुवात गरेमा दैनिकी सहज बन्नेछ।

**कन्या :** अरुको झगडाले तपाईंलाई फाइदा हुनेछ। शिक्षाको क्षेत्रमा भन्दा विदेशमा गरेको लगानीबाट उत्साह बढ्ने छ।

**तुला :** राज्यको तर्फबाट सेवाको अवसर मिल्ने छ। बोल्दा सचेत बन्नुपर्ने दिन छ। परिवारको साथ र सहयोग प्राप्त हुनेछ।

**वृश्चिक :** आज पढाइमा रुचि बढ्ने योग छ। सोचेका काम बन्ने छन्। शिक्षा क्षेत्रको लगानीले उत्साहित बनाउने छ।

**धनु :** दिन सामान्य छ। सानो कुरामा अवरोध हुनेछ। अरुको गलत निर्णयको फन्दामा पर्ने जोखिम छ।

**मकर :** दिन राम्रो छ। हरेक क्षेत्रमा प्रगति हुनेछ। परिवारसँग रमाइलो घुमघाम हुनेछ।

**कुम्भ :** व्यापारमा फाइदा हुने दिन छ। साथीभाइसँगको भेटले मनमा खुसी मिल्ने छ। कुनै शुभ समाचार सुन्न पाइनेछ।

**मीन :** दिन राम्रो छ। शिक्षाको लगानीबाट फाइदा हुनेछ। स्वास्थ्यले साथ दिनेछ। परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# गोला मुक्सार-लालपुर सडकको बजेट कटौती, ७० लाखमा टेन्डरको तयारी

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**



सिरहाको गोलबजार नगरपालिका-१ र ३ लाई जोड्ने गोला मुक्सार-लालपुर सडक कालोपत्रे योजनाको बजेट ३० लाख रुपैयाँ कटौती भएको छ।

मधेश प्रदेश सरकारको भौतिक पूर्वाधार मन्त्रालयले आर्थिक वर्ष २०८३/०८४ का लागि विनियोजन गरेको एक करोड रुपैयाँमध्ये ३० लाख कटौती भएपछि अब ७० लाख रुपैयाँको लागतमा टेन्डर प्रक्रिया अघि बढाइने भएको छ।

पूर्वाधार विकास कार्यालय सिरहाका प्रमुख इन्जिनियर रामदेव खर्गा यादवले स्थलगत अवलोकन तथा स्थानीयवासीसँग छलफलपछि योजनाका लागि ७० लाख रुपैयाँ मात्र उपलब्ध भएको जानकारी दिएका छन्।

यादवका अनुसार अन्य कार्यक्रमका लागि बजेट कटौती गरिएकाले उपलब्ध रकमको सीमाभित्र रहेर सडक निर्माणको काम अघि बढाइनेछ। त्यसका लागि लागत अनुमान (स्टिमेट) तयार गरी टेन्डर आह्वान गर्ने तयारी भइरहेको उनले बताए।

कार्तिक महिनामा बिदा पनि धेरै भएकाले सकेसम्म सिरहाका सबै योजनाको स्थलगत अवलोकन गरी आगामी दुई साताभित्र टेन्डर प्रक्रियामा जाने तयारीमा रहेको यादवले बताए। गोला मुक्सारदेखि लालपुरसम्मको सडकको स्थलगत अवलोकन सम्पन्न गरेर अब उपलब्ध बजेटअनुसार निर्माण गर्न सकिने कामको लागत अनुमान तयार गरी टेन्डर प्रक्रिया अघि बढाइनेछ।

सडक कालोपत्रे भएपछि गोलबजार नगरपालिका-१ र ३ का बासिन्दाको आवागमन सहज हुनुका साथै स्थानीय व्यापारिक गतिविधिमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## उम्मेदवार छनोटमा चरित्र र सामाजिक छविलाई ..........

"रास्वपाबाट निर्वाचित हुने जनप्रतिनिधिले चुनावमा पैसाको खोलो बगाउने र जितेपछि अकुत सम्पत्ति कमाउने सोच राख्नु हुँदैन," यादवले भने, "जनताले देश बनाउने भरोसाका साथ दिएको जनमतको सम्मान गर्दै सुशासनलाई केन्द्रमा राखेर काम गर्नुपर्छ।"

पहाडी क्षेत्रमा जनताले पुराना राजनीतिक दल छाडेर तथा मधेशमा जातीय आग्रहभन्दा माथि उठेर रास्वपालाई साथ दिएको उल्लेख गर्दै उनले पार्टीभित्र एकता र सहकार्यको संस्कृति विकास गर्नुपर्ने बताए। पुराना र नयाँ कार्यकर्ताबीच आपसी सम्मान, अपनत्व र साझा जिम्मेवारीको भावना हुनुपर्ने उनको भनाइ थियो।

सांसदको निर्वाचनभन्दा स्थानीय तहको निर्वाचन बढी चुनौतीपूर्ण हुने भन्दै यादवले कार्यकर्ता तथा स्थानीय नेताहरूलाई प्रत्येक कदम सोचविचार गरेर अघि बढ्न निर्देशन दिए। उम्मेदवार छनोटमा प्रतिस्पर्धा गर्न सबैलाई अवसर भए पनि पार्टीको आधिकारिक निर्णय र अनुशासनभन्दा बाहिर जाने छुट कसैलाई नहुने उनले स्पष्ट पारे।

यादवले सिरहा र धनुषालाई जोड्ने कमला पुल दुई महिनाभित्र सञ्चालनमा आउने दाबीसमेत गरे। सरकारी कार्यालयमा हुने ढिलासुस्ती र बिचौलियाको प्रभाव हटाउन संघीय सरकार गम्भीर रूपमा गृहकार्यमा जुटिरहेको उनले बताए।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म




# तेस्रो संस्करणको एनपिएल खेल्न कीर्तिपुर तयार




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आज (सोमबार) देखि सुरु हुने नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको सम्पूर्ण तयारी पूरा भएको छ।

नेपाल क्रिकेट संघ (क्यान) ले पत्रकार सम्मेलन गर्दै प्रतियोगिताको सम्पूर्ण प्राविधिक तथा व्यवस्थापकीय तयारी सम्पन्न भएको जानकारी दिएको हो।

यस पटक एनपिएलले व्यावसायिक, प्राविधिक र खेल कौशलका दृष्टिले ऐतिहासिक फड्को मारेको छ। क्यानले यस संस्करणमा कम्तीमा ७० करोड रुपैयाँको कारोबार हुने र करिब २० करोड रुपैयाँ खुद आम्दानी हुने अनुमान गरेको छ।

क्यानका कोषाध्यक्ष पदम खड्काका अनुसार प्रायोजकबाट ३० करोड, टिकेटिङबाट ७० करोड र फ्रेन्चाइज टोलीसहित गरी प्रतियोगितामा कुल १ अर्ब रुपैयाँभन्दा बढीको आर्थिक कारोबार हुनेछ।

यस संस्करणमा क्यानले पुरस्कार राशिमा उल्लेख्य वृद्धि गरेको छ। अघिल्लो सिजन १ करोड १० लाख रुपैयाँ रहेको विजेता पुरस्कार यस पटक १ करोड ५० लाख रुपैयाँ पुऱ्याइएको छ।

त्यसैगरी, उपविजेताले ८० लाख, तेस्रो हुने टोलीले ४० लाख र चौथो स्थान हात पार्ने टोलीले ३० लाख रुपैयाँ नगद पुरस्कार प्राप्त गर्ने क्यानले जनाएको छ।

एनपिएलको व्यावसायिक यात्रा निकै तीव्र देखिएको छ। पहिलो संस्करणबाट २७ करोड ६९ लाख रुपैयाँ आम्दानी गरेको क्यानले दोस्रो संस्करणमा ४७ करोड ३६ लाख रुपैयाँ आम्दानी गरेको थियो।

तेस्रो संस्करणमा आइपुग्दा प्रतियोगिता सुरु हुनुअघि नै प्रसारण अधिकारमार्फत मात्रै ३२ करोड रुपैयाँभन्दा बढी आम्दानी सुरक्षित भइसकेको छ।

पहिलो संस्करणमा एक्सन स्पोर्ट्सले ७५ लाख रुपैयाँमा युट्युब र टेलिभिजन अधिकार खरिद गरी निःशुल्क प्रसारण गरेको थियो। दोस्रो सिजनबाट सब्स्क्रिप्सन मोडेल सुरु भयो, जसमा डिसहोमले ओटिटी र कान्तिपुर टेलिभिजनले ३ करोड रुपैयाँमा टेलिभिजन अधिकार लिएका थिए।

तेस्रो संस्करणमा भने हिमालय टेलिभिजनले करबाहेक १४ करोड ६४ लाख रुपैयाँ तिरेर टेलिभिजन अधिकार खरिद गरेको छ। जुन अघिल्लो संस्करणको तुलनामा झन्डै पाँच गुणा बढी हो। पहिलो संस्करणमा फ्रेन्चाइजहरूले ३ करोड १६ लाख पाएकोमा दोस्रो संस्करणमा बढेर १६ करोड १८ लाख ७३ हजार ५०० रुपैयाँ पुगेको थियो।

अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट आधिकारिक टी-२० लिगको मान्यता पाउनु यस संस्करणको अर्को ठुलो उपलब्धि हो। यससँगै एनपिएलमा खेलाडीले बनाएका सबै कीर्तिमानहरू आधिकारिक अन्तर्राष्ट्रिय टी-२० रेकर्डका रूपमा दर्ज हुनेछन्।

यसअघि चार टोलीले एक-एक जना सक्रिय टेस्ट खेलाडी मात्र ल्याउन पाउने नियम रहेकोमा यस पटक आइसिसीले जुनसुकै खेलाडी पनि अनुबन्ध गर्न खुला गरिदिएको छ। पहिलो सिजनमा भारतीय खेलाडी शिखर धवन (कर्णाली याक्स) र दोस्रो सिजनमा दक्षिण अफ्रिकाका फाफ डु प्लेसिस (विराटनगर किंग्स) आएका थिए।

यस पटक भने अस्ट्रेलियाका ओपनर डेविड वार्नरदेखि वेस्ट इन्डिजका आन्द्रे रसेलसम्मका विश्वचर्चित खेलाडीहरू नेपाली मैदानमा उत्रिँदै छन्।

### नेपाली भूमिमा पहिलो पटक डिआरएस प्रविधि

यस संस्करणमा पहिलो पटक अत्याधुनिक 'डिसिजन रिभ्यु सिस्टम' (डिआरएस) प्रविधि प्रयोग गरिँदै छ। यसअघि डिआरएस निकै महँगो भएको बताएका क्यानका सचिव पारस खड्काले यस पटक नेपाली क्रिकेटलाई प्रविधिमैत्री बनाउन डिआरएस भित्र्याइएको बताए।

एलबिडब्ल्यु रिभ्युका लागि फुल थ्रीडी बल ट्र्याकिङ, रनआउट, स्टम्पिङ र नो बल रिभ्युका साथै एआई प्रविधिमार्फत ब्याटको एज डिटेक्सन, वाइडको उचाइ र छक्काको लम्बाइ मापनसहितका बलिङ एनालिटिक्स यस पटक दर्शकले हेर्न पाउनेछन्। पहिलो सिजनमा भुइँमा बसेर खेल हेरेका दर्शकले दोस्रोमा प्यारापिट र फ्लडलाइट पाएका थिए भने यस पटक डिआरएससहित विश्वस्तरीय प्रविधिको अनुभव लिनेछन्।

## ७ लाख बढीको ..........

सीमा सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सशस्त्र प्रहरीले निगरानी र चेकजाँचलाई निरन्तरता दिँदै आएको सिरहाका सशस्त्र प्रहरी उपरीक्षक (एसपी) सुमनजंग थापाले बताए।

# खैरो हेरोइनसहित दुई जना पक्राउ




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

प्रहरीले सिरहाको गोलबजार नगरपालिका-४ बाट लागुऔषध खैरो हेरोइनसहित दुई जनालाई पक्राउ गरेको छ। आइतबार लागुऔषध नियन्त्रण ब्युरोको बर्दिबास शाखाबाट खटिएको प्रहरीले आरोपीहरूलाई पक्राउ गरेको हो।

बाँकी पृष्ठ ४ ▶▶

स्वदेशी वस्तुको प्रयोग गरौं।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

❍ सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
❍ त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
❍ सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
❍ सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, ब्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं!

सिरहा नगरपालिका
११ नं. वडा कार्यालय, भलुवाही
मधेश प्रदेश, सिरहा (नेपाल)

अपन दैनिक
Apan Dainik National Newspaper

# छठ पर्वको रौनकले सिरहा बजारमा बढ्यो चहलपहल



**✍अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०८ गते**

लोकआस्था र श्रद्धाको पर्व छठ नजिकिँदै जाँदा सिरहा बजारमा चहलपहल बढ्न थालेको छ। छठ पूजाका लागि आवश्यक सामग्री खरिद गर्न सर्वसाधारण बजार पुग्न थालेपछि बजारमा पर्वको रौनक देखिन थालेको हो।

छठमा सूर्यदेवलाई अर्घ्य अर्पण गर्न प्रयोग गरिने ढाकी, सुप, नाङ्लो, कोनियालगायत बाँसका सामग्रीसँगै पूजाका अन्य सामग्रीको किनमेल बढ्न थालेको छ।

धार्मिक तथा सांस्कृतिक महत्त्व बोकेको छठ पर्वका लागि घरपरिवारमा सरसफाइ र पूजाको तयारीसमेत सुरु भएको छ। पर्व नजिकिएसँगै बाँसका सामग्री तथा अन्य पूजासामग्री बिक्री गर्ने व्यापारीहरू पनि ग्राहकको प्रतीक्षामा छन्।

बजारमा बढ्दै गएको चहलपहलले छठको आगमनसँगै सिरहामा पर्वको उत्साह बढ्दै गएको संकेत गरेको छ।




## खैरो हेरोइनसहित दुई जना .............

पक्राउ पर्नेमा सिरहाको सुखीपुर नगरपालिका-५ घर भएका ३१ वर्षीय अजय कुमार यादव र सोही ठाउँका २० वर्षीय अरविन्द कुमार यादव छन्। आरोपीहरूको साथबाट ५३ ग्राम ३ मिलिग्राम खैरो हेरोइन र डिजिटल तराजु बरामद गरिएको लागुऔषध नियन्त्रण ब्युरोका सहप्रवक्ता (डीएसपी) जीवन निरौलाले बताए। उनीहरूलाई थप अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय गोलबजारमा बुझाइएको डीएसपी निरौलाले बताए।

## ससुरालीमै गएर श्रीमतीको हत्या गरे, त्यसपछि लिए .............

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डिएसपी) ओमप्रकाश खनालका अनुसार मिथिला बिहारी-४ भरतपुरका ३५ वर्षीय उमेश यादवले ३० वर्षीया श्रीमती रीनादेवी यादवको हत्या गरेका हुन्।

त्यसपछि आफू करिब एक किलोमिटर टाढा गई रूखमा झुन्डिएर आफ्नै ज्यान लिएका हुन्।

मृतक उमेश केही महिनाअघि मात्र वैदेशिक रोजगारीबाट घर फर्किएका थिए।

त्यसयता उनीहरूबीच लगातार पारिवारिक झगडा हुँदै आएको थियो। सोही कलहका कारण रीनादेवी डेढ महिनाअघि आफ्नो ४ वर्षीय छोरालाई लिएर मथिलेश्वरस्थित माइतीघरमा बस्दै आएकी थिइन्। माइतीमा रहे पनि उनीहरूबीचको विवाद रोकिएको थिएन।

प्रहरीका अनुसार शनिबार साँझ मात्र उमेश सुसुराली पुगेका थिए।

शनिबार मध्यराति उनीहरूबीच पुनः विवाद भएपछि उमेशले धारिलो हतियार प्रहार गरी रीनादेवीको हत्या गरेको अनुसन्धानमा खुलेको छ।

आइतबार बिहान १ बजेतिर घटनाको सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले अनुसन्धान गर्दा सुसुराली घरबाट करिब एक किलोमिटर पश्चिमतर्फ उमेश मृत फेला परेका हुन्।

'उमेशको शव फेला परेको स्थान नजिकै धारिलो हतियार पनि भेटिएको छ र उनको शरीरभरि रगत लतपतिएको थियो,' प्रवक्ता खनालले भने, 'घटनाक्रम, प्रमाण र आफन्तहरूको बयानका आधारमा श्रीमतीको हत्या गरेर उनले पनि ज्यान गुमाएको देखिन्छ।'

यस घटनामा उनीहरूको ४ वर्षीय छोरामाथि समेत धारिलो हतियार प्रहार भएको छ।

गम्भीर घाइते भएका बालकको प्रादेशिक अस्पतालमा उपचार भइरहेको र अहिले उनको अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ।

अहिलेसम्मको अनुसन्धानमा घटनामा अन्य व्यक्तिको संलग्नता खुलेको छैन। मृतक दम्पती रीनादेवी र उमेशको शव पोष्टमर्टमका लागि प्रादेशिक अस्पताल, जनकपुरधाम पठाइएको छ।

पारिवारिक विवादका कारण यो जघन्य घटना घटेको देखिए पनि यस विषयमा थप अनुसन्धान भइरहेको डिएसपी खनालले जानकारी दिए।




# चार दिनदेखि अधिकांश सरकारी वेबसाइट बन्द

## 'लाइन हैन अनलाइन भन्ने' सरकारी क्षमतामाथि प्रश्न

**✍अपन दैनिक संवाददाता**
**काठमाडौं, कार्तिक ०८ गते**




सरकारी कामलाई कागजविहीन र लाइनमुक्त बनाउने सरकारी दाबी फेरि एक पटक कमजोर साबित भएको छ। वेबसाइट बनाउन प्रयोग हुने पीएचपी कोडिङ प्रणालीमा सुरक्षा कमजोरी देखिएको भन्दै बिहीबार बन्द गरिएका धेरैजसो अझैसम्म खुल्न सकेका छैनन्।

एउटै प्रकृतिको समस्या भएका बैंक तथा वित्तीय संस्था एवं निजी क्षेत्रका निकायले केही घण्टाभित्रै समस्या समाधान गरिसक्दा सरकारी निकायहरू भने अझै अलमलमै देखिन्छन्।

**कुन-कुन मुख्य सेवा प्रभावित भए ?**

सरकारी वेभसाइट बन्द हुँदा अधिकांश वेभसाइटहरु बन्द नै छन्। कतिपय अत्यावश्यक सेवादेखि कतिपय सार्वजनिक सूचनाको माध्यम बन्न सक्ने वेभसाइटहरु बन्द भएका हुन्।

जनताको सबैभन्दा धेरै चासो रहेको सवारी चालक अनुमति पत्रको अनलाइन इनरोलमेन्ट गर्नुपर्ने यातायात व्यवस्था विभागको वेबसाइट अहिलेसम्म खुल्न सकेको छैन। सोमबारदेखि सुचारु हुने सेवा लिन यसअघि नै खुल्नुपर्ने वेबसाइट नखुल्दा नयाँ लाइसेन्सका लागि अनलाइन फाराम भर्ने काम रोकिएको छ।

ढुवानीका लागि अत्यावश्यक मानिएको राजश्व अनुसन्धान विभागले सञ्चालन गर्दै आएको भीसीटीएस प्रणाली अहिले बन्द छ। यो प्रणाली बन्द हुँदा अहिले ट्रक तथा कन्टेनर चलाउनेले बिलबिजक बोकेर यात्रा गर्नुपर्ने बाध्यता छ।

केन्द्रीय बैंककै वेबसाइट बन्द छ। दैनिक विदेशी मुद्राको विनिमय दर, ब्याजदर जस्ता महत्त्वपूर्ण सूचनाका लागि राष्ट्र बैंकले अहिले सामाजिक सञ्जालको सहारा लिनुपरेको छ। मालपोत सेवा प्रवाह गर्ने भूमि व्यवस्था तथा अभिलेख विभागको साइट नचल्दा देशभरका भूसेवा केन्द्रमार्फत हुने जग्गासम्बन्धी अनलाइन सेवाहरू प्रभावित भएका छन्। कालीमाटी तरकारी बजारको वेबसाइट समेत अझै खुलेको छैन। किसान र उपभोक्ताले दैनिक तरकारीको थोक मूल्य थाहा पाउने काम अहिलेसम्म अवरोध हुँदै आएको छ।

**केही घण्टाको काममा चार दिनको ढिलासुस्ती**

सूचना प्रविधि (आईटी) विज्ञहरूका अनुसार यो समस्या समाधान गर्न कुनै ठुलो समय वा स्रोत चाहिँदैन। वेबसाइटमा पहुँच भएको आईटी प्राविधिकले एक डेढ घण्टादेखि बढीमा ३-४ घण्टाभित्र यो समस्या हल गर्न सक्छन्।

यही समस्या निजी क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरूमा पनि आएको थियो। तर, उनीहरूले २४ घण्टा नबित्दै आफ्नो प्रणाली सुरक्षित बनाएर सेवा सुरु गरिसकेका छन्। सरकारी कार्यालयहरूले भने आइतबारसम्म पनि काम नसक्नुले उनीहरूको सरकारी ढिलासुस्ती र कमजोर कार्यक्षमता छताछुल्ल पारेको छ।

**केही सेवा भने खुले ?**

केही कार्यालयले भने समयमै समस्या समाधान गरेर सेवा सुरु गरेका छन्। राहदानी (पासपोर्ट) बनाउने अनलाइन इरोलमेन्ट प्रणाली रहेको राहदानी विभागको वेबसाइट अहिले सञ्चालनमा आइसकेको छ।

वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिने प्रणाली वैदेशिक रोजगार विभागको प्रणाली पनि अहिले सञ्चालनमा छ। त्यस्तै, राष्ट्रिय परिचयपत्र, नेपाल विद्युत् प्राधिकरणको महसुल तिर्ने प्रणाली पनि अहिले सञ्चालनमा छन्।

उल्लेखित केही प्रणाली सञ्चालनमा रहे पनि अधिकांश वेबसाइट भने अहिलेसम्म सञ्चालनमा आउन सकेका छैनन्।

**'लाइन होइन अनलाइन' नारामाथि प्रश्न**

सरकारी वेबसाइट सेवा प्रवाह मात्रै होइन। सूचना तथ्याङ्क एवं अध्ययनका लागि अत्यावश्यक हुन्छन्। यो सूचनाको हकसँग जोडिएको एउटा महत्त्वपूर्ण प्लेटफर्म समेत हो। कुनै पनि सरकारी निकायको बारेमा सम्बन्धित कार्यालयको वेभसाइटमा अनिवार्य रूपमा राख्नुपर्ने व्यवस्था छ।

सुशासनको नारासहित दुई तिहाइ नजिकको बहुमत पाएको वर्तमान सरकारले चुनावताका चुनावी घोषणापत्रमै 'लाइन होइन अनलाइन' भन्ने नारा लिएको थियो। यसको मुख्य उद्देश्य भनेको अधिकांश सरकारी सेवाहरू अनलाइनबाटै प्रवाह गर्ने भन्ने थियो।

तर, पछिल्लो समय अधिकांश अनलाइन प्रणालीमा समस्या देखिएको छ। सरकारले अनलाइन ठेक्का प्रणाली सञ्चालन गर्ने वेबसाइट अपग्रेडको नाममा अनलाइनमार्फत हुँदै आएको ठेक्का प्रणालीलाई कागजी सिस्टममै झारेको थियो।

यीबाहेक राहदानी, लाइसेन्स लगायत अत्यावश्यक सेवामा देखिएको समस्याका कारण यसअघि पनि पटक पटक सेवाग्राही समस्यामा पर्दै आएका छन्। पछिल्लो पटक देखिएको सामान्य प्राविधिक समस्या समाधानमा देखिएको यो उदासीनताले डिजिटल नेपालको तयारीमा सरकारी हैसियतमाथि गम्भीर प्रश्न उठाएको छ।

## ढल्केवर ट्रमा सेन्टरको टेन्डर प्रक्रिया अगाडि .............

स्वास्थ्यमन्त्री मेहतालाई विफ्रिङ गर्दै प्रतिनिधिसभा सदस्य महतोले भने, 'ट्रमा सेन्टरको नाममा यहाँका नागरिक लामोसमयदेखि ठगिँदै आएका छन्। अब अश्वासनले चित्त बुझाउने अवस्था छैन। भवन निर्माण सुरु भएपछि मात्रै विश्वास जाग्छ। छिट्टै शिलान्यासको वातावरण बनाइदिनुस्।'

निरीक्षणका क्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेललगायत सुरक्षा निकायका प्रमुखहरुको समेत उपस्थिति रहेको थियो।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

